**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ११ फरवरी २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- पश्चिम बंगाल विधानसभामा राज्य सरकारले भोलि बजेट प्रस्तुत गर्नेछ।
- पश्चिम बंगालको मुख्यमन्त्री ममता ब्यानर्जीले 2026 को आगामी विधानसभा चुनावमा तृणमूल कांग्रेसले कुनै पनि पार्टीसित गठबन्धन नगर्ने घोषणा गर्नु भएको छ।
- आर.जी. कर अस्पताल मा वित्तीय अनियमितताहरुसित जड़ित मामलाहरुमा कलकत्ता उच्च न्यायलयले कड़ा शब्दमा चाँड़ैनै सुनवाई पूरा गर्ने निर्देश दिएको छ।
- दार्जीलिङ जिल्ला अदालतमा विगत 14 दिन देखि काम बन्दको पालना गर्दै आएको दार्जीलिङ बार एशोसिएसनले भोलि देखि यो बन्द फिर्ता लिएको छ।
- दार्जीलिङ जिल्ला प्रशासनको पहलमा आज जिल्लापाल कार्यालयमा सेफर इन्टरनेट दिवस पालन गरियो।

**पश्चिम बंगाल बजट**

मुख्यमन्त्री ममता ब्यानर्जी नेतृत्वाधिन पश्चिम बंगाल सरकारले भोलि बजेट प्रस्तुत गर्नेछ। अर्को वर्ष पश्चिम बंगालमा हुने विधानसभा चुनावलाई ध्यानमा राख्दै, तृणमूल कांग्रेस सरकारले आफ्नो आगामी बजेटमा सामाजिक सुरक्षा, कल्याणकारी योजनाहरू र महिला सशक्तिकरणलाई प्राथमिकता दिने तयारी गरिरहेको छ। सरकारले यी योजनाहरूलाई आफ्नो चुनावी सफलताको लागि महत्त्वपूर्ण ठानेको छ। वित्त राज्यमन्त्री (स्वतन्त्र प्रभार) चन्द्रिमा भट्टाचार्यले भोलि साँझ आर्थिक वर्ष 2025-26 को बजेट प्रस्तुत गर्नु हुनेछ। 2023 को विधानसभा चुनाव अघि यो अन्तिम पूर्ण बजेट हुने भएकोले, यो लोभ्याउने योजनाहरूले भरिएको हुने सम्भावना छ। वित्त विभागसँग सम्बन्धित एक अधिकारीअनुसार, सरकारले बांगलार बाडी आवास योजना र महिलाहरूका लागि आर्थिक सहायता योजना लक्ष्मी भण्डारमाथि विशेष ध्यान दिने भएको छ। यी दुवै योजनाहरूका लागि बजटमा ठूलो आवण्टनको आशा गरिएको छ। सरकारी अधिकारीको भनाइअनुसार यसपल्ट बजटमा आधारभूत ढाँचा, स्वास्थ्य, शिक्षा र सामाजिक कल्याणको योजनाहरूका लागि ठूलो घोषणा हुन सक्छ। गरीबहरूका लागि वित्तीय सहायता योजनाहरूको परिधि बढाउनका साथै राज्य कर्मचारीहरूको महंगाई भत्तामा पनि बढोत्तरीको सम्भावना छ।

****** ० ******

**मुख्यमन्त्री ममता ब्यानर्जी घोषणा**

पश्चिम बंगालको मुख्यमन्त्री ममता ब्यानर्जीले 2026 को विधानसभा चुनावमा तृणमूल कांग्रेस (टीएमसी)ले कुनै पनि पार्टीसँग गठबन्धन नगर्ने घोषणा गर्नु भएको छ। कांग्रेससित सम्भावित गठबन्धनलाई खारेज गर्दै उहाँले पश्चिम बंगालमा कंग्रेसको कुनै राजनैतिक महत्त्व नरहेको बताउँदै गठबन्धनको कुनै आवश्यकता नरहेको बताएको छ। मुख्यमन्त्री ममता ब्यानर्जीको यस घोषणापछि राज्यको राजनीति तात्तिएको बताइएकोछ। अर्को तर्फ एनडीएले यसलाई विपक्षी इण्डी गठबन्धनमा टुट्न लागेको संकेत भनेको छ र यसलाई टीएमसीको "अति आत्मविश्वास" को संज्ञा दिएको छ।

****** ० ******

## नीति आयोग

नीति आयोगको पछिल्लो प्रतिवेदन 'राज्य र राज्य सार्वजनिक विश्वविद्यालयहरू मार्फत गुणस्तरीय उच्च शिक्षा विस्तार' ले पश्चिम बंगालको उच्च शिक्षा प्रणालीको चिन्ताजनक अवस्था उजागर गरेको छ। प्रतिवेदन अनुसार, २०२१-२२ मा राज्यको कुल भर्ना अनुपात केवल २६.३ प्रतिशत थियो, जो देशमा १८ औं स्थानमा थियो। यद्यपि, २०११-१२ मा यो संख्या १३.६ प्रतिशत थियो, जुन अहिले बढेर २६.३ प्रतिशत पुगेको छ।शिक्षामा राज्यको खर्चको अवस्था पनि अत्यन्तै निराशाजनक छ। प्रतिवेदन अनुसार, पश्चिम बंगालमा उच्च शिक्षामा कुल राज्यको कुल घरेलु उत्पादनको ०.४३ प्रतिशत मात्र खर्च गरिन्छ, जुन पूर्वोत्तरका साना राज्यहरू भन्दा पनि धेरै कम हो, जहाँ यो संख्या लगभग एक प्रतिशत छ।

****** ० ******

## दार्जीलिङ बार एशोसिएसन

विगत 14 दिन देखि काम बन्दको पालना गर्दै आएको दार्जीलिङ बार एशोसिएसनले भोलि देखि यो बन्द फिर्ता लिएको छ । दार्जीलिङ जिल्ला अदालतमा भोलि देखि सम्पूर्ण अधिवक्ताहरुले आफ्नो काम सुचारु रूपले गर्ने बार एशोसिएसनको पक्षमा प्रणय राईले आज पत्रकारहरुलाई बताउनु भयो । पी डब्लु डी विभागले नयाँ कोर्ट रुमको निर्माण गर्दा कुनै पनि जानकारी बिना नैं बार एसोसिएसनको पाइखाना भत्काएको हुँदा यसको प्रतिवाद स्वरूप गत 27 जनवरीदेखि जिल्ला अदालतमा बार एशोसिएसनले काम बन्दको आवहान गरेको थियो । यसै निर्णयलाई पालन गर्दै अधिवक्ताहरुले काम बन्द गरेकोले जन मानसहरुलाई धेरै असुविधा भइरहेको थियो । विषयको गम्भीरतालाई ध्यानमा राख्दै हिजो जिल्ला प्रसाशन, पी डब्लु डी, न्यायपालिका अनि बार एशोसिएसनको एउटा सभा सम्पन्न गरियो । सभामा समस्याको समाधान निकाल्दै बार एशोसिएसन को निम्ति नयाँ पाइखाना बनाउने साथै एशोसिएसनको कार्यालय कोठाको पनि बढोत्तरी गर्ने निर्णय भए पछि यो बन्द रद्द गरिएको श्री राईले बताउनु भएको छ। यस सभा अगावै पनि दुईवटा सभा बसेको थियो तर सफल हुन सकेको थिएन।

****** ० ******

## आर.जी. कर

आर.जी. कर अस्पताल मा वित्तीय अनियमितताहरुसित जड़ित मामलाहरुमा कलकत्ता उच्च न्यायलयले कड़ा शब्दमा चाँड़ैनै सुनवाई पूरा गर्ने निर्देश दिएको छ। आज यस मामलाको सुनवाईको अवधि पूर्व प्रधानाचार्य संदीप घोष विरुद्ध दर्ता याचिका माथि चर्चा भयो। यद्धपी, केंद्रीय जांच ब्यूरो (सीबीआई) ले सबै आवश्यक दस्तावेज पेश गर्न नसकेको कारण सुनवाई आगामी 18 फरवरी सम्मकोलागि स्थगित गरिएको छ। उच्च न्यायलयको न्यायमूर्ति जयमाल्य बागची अनि न्यायमूर्ति गौरांग कांत को पीठले संदीप घोष विरुद्द लागेको आरोप गंभीर रहेको बताउँदै यसको असर समाज एवं स्वास्थ्य सेवाहरुमा पर्न सक्ने बताएको छ। यस प्रकारको भ्रष्टाचारले स्वास्थ्य सेवालाई प्रभावित पार्न साथै सम्पूर्ण प्रशासन तंत्रलाई दूषित पार्ने पीठले बताएको छ। यसको साथै न्यायलयले यस घोटालामा धेरै सरकारी अधिकारी पनि शामेल रहेको हुन सक्ने बताउँदै यस मामलाको चाँड़ै सुनवाई अनि निष्पत्ति आवश्यक रहेको बताएकोछ।

****** ० ******

## जिल्लापाल ज्ञापन

जोइन्ट फोरमको प्रतिनिधि टोलीले आज दार्जीलिङ जिल्लापाल कार्यालय पुगेर जिल्लापाललाई दार्जीलिङ्ग पहाड़का चिया बगानहरुमा भइरहेको जमीन सर्वे प्रक्रियालाई चाँड़ै रोक्नुपर्ने माग गर्दै एउटा ज्ञापन सुम्पिएको छ। फोरमले 2019 –मा राज्य सरकारद्वारा चियाकमानको 15 प्रतिशत जमीन पर्यटकहरूका लागि दिने गरिएको घोषणा तथा अधिसूचनालाई खारेज गर्नुपर्ने पनि ज्ञापनमा माग गरिएको बताइएको छ।

****** ० ******

## दार्जीलिङ सेफर इन्टरनेट दिवस

दार्जीलिङ जिल्ला प्रशासनको पहलमा आज जिल्लापाल कार्यालयमा सेफर इन्टरनेट दिवस पालन गरियो। इन्टरनेटबाट हुनसक्ने नोक्सानीबाट मानिसहरूलाई सचेत गराउन यस कार्यक्रमको आयोजन गरिएको बताइएको छ। कार्यक्रममा सरकारी अधिकारीवर्ग लगायत धेरै अन्य व्यक्तिको उपस्थिति रहेको बताइएको छ।

****** ० ******

## Sey Gyalo Dhondup Funeral

तिब्बती समाज सेवी तथा विद्वान Sey Gyalo Dhondup La पंचतत्वमा विलिन भए। आज कालेबुङमा ८ माईल स्थित उनको निवास स्थानबाट अन्तिम शवयात्रा निकालियो। बौद्ध परम्परा अनि मान्यताहरू अनुरूप ९७ वर्षीय धेन्डुप ला को अन्तिम संस्कार सम्पन्न गरियो। निर्वासित तिब्बती सरकारकी गृहमंत्री ग्यारी डोलमा , सिक्किम धर्म विभागमा मंत्री सोनाम लामा ईण्डियन गोर्खा जनशक्ति पार्टी अध्यख अजय एडवर्ड , टिबेटेन युथ कांग्रेस अध्यक्ष गोम्पो डेण्डुप सहित कैंयन गन्यमान्य व्याक्तिहरूले अन्तिम संस्कारमा सामेल भए।दिवेंगत सेैयाल्पो डेन्डुप ला तिब्बतको इतिहासका एक प्रकाण्ड विद्वक्षनर थिए। आफ्नो जीवन तिब्बतीहरूको उत्थानमा समर्पित गरेका थिए।एक असल सामाजिक कार्यकर्ता थिए। विगत ८ फरवरीको साँझ उहाँको निधन भएको थियो। उहाँको निधन प्रति कैंयन हस्तीहरूले गहिरो शोक सम्वेदना व्यक्त गरेका छन्। सबै तिब्बती संघ- संगठनहरूले पनि गहिरो शोक संवेदना व्यक्त गरेका छन्। उहाँ पूज्य दलाई लामाका जेठा दाज्यु हुनुहुन्थ्यो।

****** ० ******

### ट्रक-दुर्घटना

राष्ट्रिय राजमार्ग-10 को किर्ने नजिक आज सड़क दुर्घटना हुँदा ट्रक चालकको मृत्यु भएको छ भने ट्रकका सहायक गम्भीर रूपमा घाइते भएका छन्। यस ट्रक दुर्घटनामा ट्रकमा सवार दुइ व्यक्तिमध्ये चालकको घटनास्थलमानै मृत्यु भएको बताइएको छ भने सहायक गम्भीर रूपले घाइते भएका छन्। ट्रक चालक १२ माइल, तुम्लाङ, रम्फू निवासी रहेको बताइएको छ। दुर्घटनामा घाइते सहायकलाई तत्काल उपचारको लागि कालेबुङ जिल्ला अस्पताल पठाइएको बताइएको छ। दुर्घटनाको कारण पत्तो लगाउन सम्बन्धित निकायहरूले जाँच शुरू गरेको पनि रिपोर्ट प्राप्त भएको छ। दुर्घटनाको कारण केही समयका लागि राष्ट्रीय राजमार्ग-10 को यातायात प्रभावित बनेको थियो भने हाल पुनः सुचारू गरिएको बताइएको छ।

****** ० ******

### कालेबुङ लिम्बू भाषा

सिक्किमको राज्यसभा सांसद डी.टी. लेप्चाले केन्द्र सरकारसमक्ष लिम्बु भाषालाई संविधानको ८औँ अनुसूचीमा समावेश गर्ने माग गरेकोमा याकथुङ सोङ चुम्भो केन्द्रिय समितिका उपाध्यक्ष सुकराज सुब्बाले आज कालेबुङमा पत्रकार सम्मेलन गर्दै सांसदप्रति आभार व्यक्त गर्नुभयो। सुब्बाले सांसद लेप्चाको पहललाई ऐतिहासिक र महत्वूपूर्ण कदम भन्दै सिक्किमका मुख्यमन्त्री पीएस गोलेलाई धन्यवाद दिनुभयो। उहाँले लिम्बु भाषा र संस्कृतिको संरक्षणको लागि यो प्रयास अति आवश्यक रहेको बताउनुहुँदै आगामी दिनहरूमा यसको सकारात्मक परिणाम अघि आउनेमा विश्वास व्यक्त गर्नु भएको छ।

****** ० ******

### अनित थापा

खरसाङमा आज आयोजित समर्थन कार्यक्रममा पार्टीमा सामेल हुनेहरूलाई स्वागत जनाउँदै भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका अध्यक्ष अनित थापाले "हामी अझ हाम्रो गन्तव्य पुगेका छैनौं भनी बताउनुभएको छ। उहाँले नेता चाहिं पढेको नै हुनपर्ने नत्र समाज लथालिङ्ग हुने मन्तव्य पनि पोख्नु भएको छ। उहाँले भन्नुभयो शिक्षित नेतृत्वले मात्र समाजलाई अघि लैजान सक्नेछ। खरसाङको सार्वजनिक भवनमा आयोजित यस समर्थन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै आफूले केही नगरे पनि पञ्चायती व्यवस्था अनि एसएससी फर्काएर ल्याएको श्री थापाले बताउनुभयो। सुवास घिसिङले गोर्खाले राज गर्ने व्यवस्था ल्याइदिएको अनि सोही ठाउँमा आफूहरूले आज राजनीति गरिरहेको अनित थापाले बताउनुभयो। यसको साथै उहाँले नेताको कुरामा मात्र लाग्न नहुने बताउँदै कुरोको चुरो बुझ्न विभिन्न कार्यालयहरूतिर जाने पनि मानिसहरूलाई आह्वान गर्नुभयो।

****** ० ******

**चुङथुङ मरम्मती**

दार्जीलिङमा पर्यटन स्थलको रूपमा बिस्तारै चर्चित बन्दै गएको बालुवाबास खोला अनि स्काई वकसम्म पुग्न सकिने लोवर चुङथुङ अन्तर्गत नाली डाँडाको बाटोको मरम्मती कार्य शुरू गरिएको छ । हालका दिनहरुमा नयाँ निर्मित ब्रिज अनि स्काई वक हेर्न बालुवा बासमा स्थानीय मानिसहरू लगायत पर्यटकहरू आउने गर्छन् तर चुङथुङ नाली डाँडाको बाटोको अवस्था अत्यन्त दयनीय भएको कारण यहाँबाट हिँड्न धेरै नै असुविधा भइरहेको थियो। यसै असुविधालाई ध्यानमा राख्दै चुङथुङ लिजाहिलका सामाजिक कार्यकर्ताहरुले आजदेखि यस सडकको मरम्मती गर्ने कार्य शुरू गरेका छन्।

****** ० ******

**मौसम**

मौसम विभागले कोलकाता समेत राज्यको अधिकांश भागहरुमा आगमी 24 घंटाको अवधि तापमान सामान्य भन्दा केही बढ़ी रहने अनुमान व्यक्त गरेको छ।
आज जारी बयानमा मौसम विभागले कोलकाता मा अधिकतम तापमान 30 डिग्री सेल्सियस अनि न्यूनतम तापमान 22 डिग्री सेल्सियस बनी रहने संभावना व्यक्त गरेको छ। बयान अनुसार दार्जिलिंगको पार्वतीय क्षेत्रमा बिहान कुहिरो लागि रहने संभावना व्यक्त गरे तापनि दिउँसो आकाश सफा रहने बताएको छ। दार्जीलिङ्ग पार्वतीय क्षेत्रमा अधिकतम तापमान 17 डिग्री अनि न्यूनतम आठ डिग्री सेल्सियस बनी रहने संभावना पनि मौसम विभागले व्यक्त गरेकोछ। यसको साथै विभागले राज्य मा हाल वर्षाको कुनै संभावना नरहेको पनि बताएको छ।

****** ० ******